नेपाल सरकार

गृह मन्त्रालय

## राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #९४

७ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज ६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७३ | ६५ | २०६ | ३९ | ३६ | ११ | ६५ | ० | २०४ | **३७७** | **१०१** | **४२१** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज ६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७१ | ६५ | २०५ | ३६ | ३५ | ९ | ३५ | ० | ८५ | **३४२** | **१००** | **२९९** |
| **२०७७ असोज ६ देखि ७ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | १ | **१** | ० | ० | **०** | ० | ० | **०** | **०** | १ | **१** |

# दैनिक विपद् बुलेटिन

६ असोज विहान १०:०० बजेदेखि ७ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज १ स्थानमा **पहिरो,** १ स्थानमा **आगलागी,** १ स्थानमा **अबिरल वर्षा**का घटना घटेका छन् । यी घटनामा परेर १ जनाको **मृत्यु** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १ | ० | ३ | ० | ० | ० | १ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३** वटा घट्ना भएका छन् ।
- **गुल्मी**को थप बिवरण मिति २०७७।०६।०५ गते ईश्मा गाउँपालिका वडा नं २ रातचौरमा **पहिरो**मा परी बेपत्ता भएका बर्ष ५ को **१ बालकको शव फेला** ।
- **कपिलवस्तु**को कपिलवस्तु नगरपालिका वडा नं ३ गौरीचोकस्थित एक फलफुल पसलमा अचानक बिधुत सर्ट भई **आगलागी** हुँदा फलफुल, काठ, क्यारेट, तराजु, पुर्णरुपमा जलि नष्ट भएको र नजिकै रहेको कस्मेटिक टयाङकीमा समेत आगोले भेट्दा टयाङकीभित्र रहेको कस्मेटिक सामानहरु पुर्णरुपमा जलि नष्ट । क्षतिको बिवरण आउन बाँकि ।
- **पाँचथर**को फिदिम नगरपालिका वडा नं २ मुस्कान चोकस्थित एक मोटरसाईकल मर्मत गर्ने ग्यारेजको गारो **पहिरो**को कारण भत्किएर गारोसगै रहेको ढिस्को समेत झरी मर्मतको लागि ल्याई राखेको पुराना ३ वटा मोटरसाईकल र ग्यारेजमा रहेको मालसामान समेत पुरिएर क्षति ।
- **सुर्खेत**को बिरेन्द्रनगर नगरपालिका वडा नं १४ राम्दिकाँडा स्थित बनाउदै गरेको एक गोठ **अबिरल बर्षा**का कारण भत्किई गोठभित्र बाँधेका १ वटा गोरुको मृत्यु ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पाँचथरको ग्यारेजमाथिको पहिरो पन्छाएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**असोज ६ गते रातीबाट देशका सबै नदीमा बहाव बढ्दो रहेको र असोज ७-१० गते देशैभरका नदीमा बहाव उच्च हुने (नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकालीका सहायक नदीमा सतर्कता नजिक हुने, कोशी, कन्काई, कमला, बागमतीमा सतर्कता तलै वा आसपास हुने भएपनि सामान्य अबस्थाबाट एक्कासी बढ्ने) पूर्वानुमान रहेकोले असोज ११ सम्म नदी तटिय क्षेत्रका कृयाकलाप नगर्न वा गर्नुपरेमा अति उच्च सतर्कता अपनाउन अनुरोध**

असोज-०७ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र यसका सहायक नदीमा बहाव सामान्य बढ्ने, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । कन्काई, बागमती, तिनाउ, बाणगंगा, पश्चिम राप्ती, बबईका केही साना सहायक नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, प्रदेश २ को सबै जिल्ला, बागमती प्रदेशको दोलखा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, का.उपत्यका, नुवाकोट, धादिङ, चितवन, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्बत, म्याग्दी, बागलुङ, स्याङजा, नवलपुर, प्रदेश ५ को पाल्पा, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलवस्तु, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदुरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, अछाम, बैतडी, दार्चुला, बझाङ, बाजुरा र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारका केही स्थानमा मध्यम देखि ठुलो बर्षा भई बहाब केही बढ्ने केही स-साना नदीमा आकस्मिक बहाव ( Flash Flood) को संभावना रहेको छ ।


नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/

## वर्षाको सारांश

असोज ०६ गते बिहान ०८:४५ बजे देखि असोज ०७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०७ गते बिहान ०८:४५ बजे २०७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७८ र स्वचालितः १२९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १८३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढी वर्षा (१३६.२ मि. मी.) झापा जिल्लाको कन्काई केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ६ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ४१ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, १०२ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र १४५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

# आगामी तीन दिनको मौसम पूर्वानुमान

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जल तथा मौसम विज्ञान विभाग**
मौसम पूर्वानुमान महाशाखा
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०६-०७, विहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
हाल भारतको छत्तिसगढको उत्तरी क्षेत्रमा न्युन चापीय क्षेत्र रहेको छ। साथै यो न्युन चापिय क्षेत्र पश्चिम-उत्तरपश्चिम सर्दछ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल  देशभर सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा भईरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**असोज ७ गते (बुधबार)**

**दिउँसो :** देशभर सामान्य देखि पुर्णतया बदली रही देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सबै प्रदेशका थोरै-थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ भने प्रदेश नं १, प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं ५ का १-२ स्थानहरुमा धेरै भारी वर्षाको समेत संभावना रहेको छ ।

**राती :** देशभर सामान्य देखि पुर्णतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सबै प्रदेशका थोरै-थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ भने प्रदेश नं १, बाग्मती प्रदेश, गण्डकी प्रदेश,प्रदेश नं ५ र कर्णाली प्रदेशका १-२ स्थानहरुमा धेरै भारी वर्षाको समेत संभावना रहेको छ।

**असोज ८ गते (बिहिबार)**
**दिउँसो :** देशभर सामान्य देखि पुर्णतया बदली रही देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सबै प्रदेशका थोरै-थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ  भने प्रदेश नं १, बाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका १-२ स्थानहरुमा धेरै भारी वर्षाको  समेत संभावना रहेको छ।

**राती :** देशभर सामान्य देखि पुर्णतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। सबै प्रदेशका थोरै-थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको छ भने प्रदेश नं १,  प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं ५ का १-२ स्थानहरुमा धेरै भारी वर्षाको  स्थानहरुमा धेरै भारी वर्षाको समेत संभावना रहेको छ।

**असोज ९ गते (शुक्रबार)**
**दिउँसो :** प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशमा  पुर्णतया बदली  रही बांकी प्रदेशहरुमा सामान्य  बदली रहनेछ। प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशमा धेरै स्थानहरुमा र बांकी प्रदेशका केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशका थोरै-थोरै स्थानमा भारी वर्षा र१-२ स्थानहरुमा धेरै भारी वर्षाको  समेत संभावना रहेको छ।

**राती :** प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशमा  पुर्णतया बदली  रही बांकी प्रदेशहरुमा सामान्य  बदली रहनेछ। प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशमा धेरै स्थानहरुमा र बांकी प्रदेशका थोरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश नं २ र बाग्मती प्रदेशका थोरै-थोरै स्थानमा भारी वर्षा र १-२ स्थानहरुमा धेरै भारी वर्षाको  समेत संभावना रहेको छ।

गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind